गाउँ कार्यपालिकाको
मिति:- २०८२/०८/१४
(बैठक संख्या:- ०६-२०८२/०८३)
स्थान:- गाउँपालिकाको सभाहल

आज मिति २०८२ साल मंसिर १४ गते तदनुसार नेपाल संवत ११४६, थिंलाथ्व, दशमी, आइतबारका दिन दिउँसो ४:०० बजे बारेकोट गाउँपालिका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको छैटौं (०६) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री ऐन बहादुर गिरी | सदस्य, गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य, गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य, गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य, गाउँ कार्यपालिका |
| श्री शेर बहादुर चलाउने | (का.व.अ.-६) सदस्य. गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य, गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य, गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य, गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य, गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री मोहन प्रकाश गिरी | प्र.प्र.अ. (सदस्य सचिव) |

आमन्त्रितहरु:

| | |
|---|---|
| श्री खिम बहादुर रोकाया | कम्प्युटर अधिकृत (छैटौं) |

CamScanner

## बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

**प्रस्तावहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. प्रमुख प्रशासकीय अधिकृतको स्वागत तथा धन्यवाद सम्बन्धमा।
३. रकम बाँडफाँड तथा रकमान्तर सम्वन्धमा।
४. नलगाड हाइड्रोपावर डयाम क्षेत्रमा पर्ने निजी आवासहरुको मुवाब्जा सम्बन्धमा।
५. सुन्तला जात फलफूलको नयाँ पकेट विस्तारका लागि स्थान छनोट सम्बन्धमा।
६. कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा।
७. एम्बुलेन्स चालक, ना.प.से.प्रा. नियुक्ति सम्वन्धमा।
८. उपचार राहत सम्बन्धमा।
९. विपद् कार्यदल गठन तथा परिचालन निर्देशिका स्वीकृत सम्बन्धमा।
१०. भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण सम्बन्धमा।
११. विद्यालय समायोजन एवम् एकीकरण कार्यविधि, २०७७ कार्यान्वयन सम्बन्धमा।
१२. अस्थायी आवास बाँकी भूक्तानी सम्बन्धमा।
१३. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु, २०८२ सम्बन्धमा।
१४. गाउँपालिकाको दिगो पर्यटन योजना तयारीका लागि सेवापरामर्श खरिद सम्बन्धमा।
१५. विपद् व्यवस्थापन शिर्षकबाट काठेपुल निर्माणको लागि भूक्तानी दिने सम्बन्धमा।
१६. SEVIMS अध्यावधिक तथा QR सहितको घर नंबर छपाइ सम्बन्धमा।
१७. छात्रवृत्ती रकम सम्वन्धमा।
१८. शैक्षिक सहजकर्ता सम्बन्धमा।
१९. UNDP मार्फत सञ्चालित परियोजनाको क्रियाकलापहरु स्वीकृत गर्ने सम्बन्धमा।
२०. करुका घर्तिगाउँ धुम सडक निर्माणको ठेक्का सम्वन्धमा।
२१. म्याद थप सम्वन्धमा।
२२. डि.पि.आर. सम्वन्धमा।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८२/०८/१४

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)</u>

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको यस अघि सम्पन्न कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

बारेकोट गाउँपालिकामा मिति २०८१ साल फागुन १९ गते देखि मिति २०८२ साल असोज २८ गते सम्म यस कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत पदमा रहि कार्य सम्पादन गर्नु हुने (शिक्षा अधिकृत सातौं) श्री राम बहादुर मल्ल ज्यू हार्दिक धन्यवाद व्यक्त गर्ने। साथै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२ साल भाद्र १२ गतेको निर्णयानुसार बारेकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्राप्त गर्नुभई आउनुहुने श्री मोहन प्रकाश गिरी ज्यूलाई हार्दिक स्वागत सहित सफलताको शुभकामना व्यक्त गर्ने।

**निर्णय नं. ३ (क)**

बारेकोट गाउँपालिकाको २१ औ गाउँसभाबाट वनियोजित समपुरक भूक्तानी दनि बाँकी र बाँडफाँड गर्न बाँकी भैपरी रकमबाट गत वर्ष भूक्तानी दिन बाँकी रहेका देहाय अनुसारका आयोजनाहरुको लागि तपसिल अनुसारको रकम बाँडफाँड गर्ने र अन्य रकम अव बस्ने गाउँ कार्यपालिका बैठकवाट बाँडफाँड गर्ने साथै हिउँदे सभाबाट अनुमोदन गराउने।

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | साझा सुविधा केन्द्र उद्यम घर निर्माण | ९५००० | |

**निर्णय नं. ३ (ख)**

बारेकोट गाउँपालिकाको २१ औ गाउँसभाबाट देहायका शर्षिकहरुमा रकम विनियोजितभई स्वीकृत भएकोमा उक्त आयोजनाहरु दोहोरोपर्न गएकोले निम्नशिर्षकबाट देहाय अनुसारका आयोजनाहरुको लागि तपसिल अनुसारको रकम रकमान्तर तथा शिर्षकान्तर गर्ने। साथै आगामी हिउँदे अधिवेशनबाट अनुमोदन गराउने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका
मिति:- २०८२/०८/१४

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

तपसिल:

| क्र.स | साबिकको शिर्षक | साबिक रकम रु. | हालको शिर्षक | रकमान्तर रकम रु. |
|---|---|---|---|---|
| १. | श्री लालीगुरांस प्रा.वि. शौचालय निर्माण,बारेकोट-२ | २८०००० | श्री लालीगुरांस प्रा.वि. फिल्ड निर्माण, बारेकोट-२, | २८०००० |
| २. | वर्सिने खोला धुमालगाउँ, गोठगाउँ सडक निर्माण, वडा नं. ४ | ५००००० | जालतरी काठेपुल निर्माण | ७०००० |
| | | | वर्सिने खोला धुमालगाउँ,गोठगाउँ सडक निर्माण, वडा नं. ४ | ४३०००० |
| ३. | चिप्लेटा देखि पछेउरी सडक निर्माण वडा नं. ३ | १०००००० | घोरेटो बाटो निर्माण र काठेपुल निर्माण वडा नं. ३ | २००००० |
| | | | चिप्लेटा देखि पछेउरी सडक निर्माण वडा नं. ३ | ८००००० |
| ४. | सफ्टवेयर होस्टिङ्ग | ३००००० | पालिकामा डाटासेन्टर स्थापना | ३००००० |

**निर्णय नं. ३ (ग)**

बारेकोट गाउँपालिकाको २१ औं गाउँ सभाबाट वनियोजित समपुरक भूक्तानी दनि बाँकी र बाँडफाँड गर्न बाँकी भैपरी रकमबाट देहाय अनुसारका आयोजनाहरुको लागि तपसिल अनुसारको रकम बाँडफाँड गर्ने र हिउँदे सभाबाट अनुमोदन गराउने।

तपसिल

| क्र.सं. | आयोजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | समपुरक रकम | १,५२,८३२७५.५ | |
| २. | सडक मर्मत तथा पहिरो सफा गर्ने योजना बारेकोट ८ र ९ | ६,००००० | |
| ३. | सेपुखोला खाराखोला होम पाइप खरिद योजना वडा नं. ८ | १०,००००० | |
| ४. | काठेपुल निर्माण तथा सडक मर्मत योजना बारेकोट ३ | १०,००००० | |
| ५. | सडक मर्मत तथा पहिरो सफा गर्ने योजना बारेकोट २,४ र ५ | १०,००००० | |
| ६. | आधारभूत अस्पताल शौचालय सेफ्टी ट्याङ्क निर्माण | ९०,००० | |
| ७. | भवन मर्मत | ७०,००० | |
| ८. | आधारभूत अस्पताल लिम्सा भवन मर्मत योजना | १,००००० | |
| ९. | आधारभूत अस्पताल लिम्सा २ कोठे नमुना भवन निर्माण | २००००० | |

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गाउँ कार्यपालिका
मिति:- २०८२/०८/१४

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

| | | | |
|---|---|---|---|
| | योजना | | |
| १०. | गाग्राखोला लघु जलविधुत आयोजना वडा नं. ३ | २,१८,००० | |
| ११. | सिढुङ्गा बगर भदाल्या गोरेटो बाटो | १,६४,१६० | |

**निर्णय नं. ४**

बारेकोट गाउँपालिकाका विभिन्न वडा अन्तर्गत पर्ने नलगाड हाइड्रो पावर कम्पनीले अधिकरण गरेको जग्गामा रहेका निजी घर, टहरा घट्ट लगायतका संरचनाहरुको मुआव्जा लामो समय देखि स्थानीयले पाउन नसक्दा नागरिकलाई अन्यत्र व्यवस्थापनको लागि समस्या भएकोले तत्काल मुअव्जा उपलब्ध गराउनको लागि नलगाड हाइड्रो पावर कम्पनी लगायत सम्वद्ध दिकायमा तत्काल मुअव्जा वितरणको लागि अनुरोध गर्ने।

**निर्णय नं. ५**

बारेकोट गाउँपालिका गाउँ सभाको २१ औं बजेट सभाबाट विनियोजित सुन्तला जात फलफूल बालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालन गर्न सुन्तला खेतिको लागि सम्भावना रहेका बारेकोट गाउँपालिका वडा नं. २, ८ र ९ मा सुन्तला जात फलफूल बालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालन गर्न स्थान छनोट गर्ने।

**निर्णय नं. ६ (क)**

बारेकोट गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखा अन्तर्गत स्वास्थ्य चौकी सेपुखोलामा कार्यरत कार्यालय सहयोगी भागिन्ते भूलको असमाहिक निधन भइ कार्यालय सहयोगीपदरिक्त भएको र स्वास्थ्य चौकी व्यवस्थापन समिति सेपुखोलाको कार्यालय सहयोगी नियुक्ति गरिदिनर निर्णय समेत प्राप्त भएकोले उक्त रिक्त पदमानिजको छोरा काली बहादुर भूललाईसेवा करारमा कार्यालय सहयोगी पदमा नियुक्ति गर्ने।

**निर्णय नं. ६ (ख)**

बारेकोट गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखा अन्तर्गत नागरिक आरोग्य सेवा केन्द्र, वडा नं. २ लिम्सामा कार्यालय सहयोगी पद रिक्त भएकोले उक्त पदमा बारेकोट गाउँपालिका वडा नं. ८ निवासी लग बहादुर रावललाईसेवा करार,कार्यालय सहयोगी पदमा नियुक्ति गर्ने।

प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
तिम्मा, आजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका
मिति:- २०८२/०८/१४

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

**निर्णय नं. ७ (क)**

बारेकोट गाउँपालिकाको एम्बुलेन्स चालक (ह.स.चा.) पद रिक्त रहेकोले बारेकोट गाउँपालिका वडा नं. २ निवासी कर्ण बहादुर गिरीलाई निजको अनुभव र सवारी चालक अनुमति पत्रको आधारमा एम्बुलेन्स चालक सेवा करार (ह.स.चा.) पदमा नियुक्ति गर्ने।

**निर्णय नं. ७ (ख)**

बारेकोट गाउँपालिकाअन्तर्गत पशु सेवा शाखा मार्फत सञ्चालित अलग मानव घर अलग पशु घर कार्यक्रमको कार्यक्रम अवधि भर डाटा संकलन, अनुगमन, प्रतिवेदन लगायतका कार्य गर्नको लागि बारेकोट गाउँपालिका वडा नं. ३ निवासी सावीता रोकायलाई सेवा करार, सहायक चौथो, फिल्ड सहायकपदमा नियुक्ति गर्ने।

**निर्णय नं. ८**

बारेकोट गाउँपालिका वडा नं. ६, वडा का अध्यक्ष श्री डम्बर वहादुर महतारा विगत लामो समय देखि दिर्घरोगको कारण उपचाररत रहनु भएको र नेपालका विभिन्न अस्पतालहरुमा उपचार गराउँदा पनि निको नभएको हुँदा उहाँको थप उपचारको लागि बारेकोट गाउँपालिकाको उपचार राहत कोषबाट एकपटकको लागि उपचार सहयोग स्वरुप रु. १०००००।– (अक्षरुपी एक लाख रुपैंया मात्र)उपलब्ध गराउने।

**निर्णय नं. ९**

बारेकोट गाउँपालिकाको विपद् व्यवस्थापन समिति र कार्यदल गठन तथा परिचालन निर्देशिका, २०८२ को मस्यौदा उपर छलफल गरियो। साथै कार्यविधिमा सदस्यहरुले उठाउनु भएका संशोधन प्रस्तावहरुलाई यसै कार्यविधिमा समावेश गरि उक्त कार्यविधिलाई आजको गाउँ कार्यपालिका बैठकबाट स्वीकृत गर्ने।

**निर्णय नं. १०**

२०८० कार्तिक १७ गते राती बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्र बिन्दु भएर गएको भुकम्पका कारण प्रभावित लाभग्राहिहरुको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) बाट प्राप्त मुल्यंकन सूचीका आधारमा बारेकोट गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिमा निजी आवास प्रवलीकरण, पुनर्निर्माण, पुनर्स्थापना कार्यका लागि लाभग्राहीहरु पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समितिमा लाभग्राही कायमका लागि सिफारिस गरि पठाउने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

**निर्णय नं. ११**

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७।०२।११ को निर्णयानुसार स्वीकृत सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम आगामी शैक्षिक सत्र २०८३ देखि बारेकोट गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामूदायिक तथा संस्थागत विद्यालयहरुलाई उक्त कार्यविधिको मर्म र भावना अनुरूप तथा गाउँपालिका द्वारा तयार गरिएका अध्ययन प्रतिवेदनका आधारमा पहिचान, समायोजन, एकीकरण कक्षा मिलान, शिक्षक दरबन्दी मिलान गर्ने कार्यलाई अगाडि बढाउने।

**निर्णय नं. १२**

बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्र बिन्दु भएर मिति २०८० कार्तिक १७ गते गएको भूकम्पका कारण बारेकोटका ५५८६ घरपरिवारहरु प्रभावित भएका थिए। जस मध्ये २६० वटा निजी अस्थायी आवासहरु गैह्र सरकारी निकायबाट निर्माण भएका थिए भने ५१०९ वटा निजी अस्थायी आवासहरु विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणको सहयोगमा गाउँपालिकावाट निर्माण भएका थिए। हाल सम्म ४४९७ अस्थायी आवसहरुको दोस्रो किस्ता समेत भुक्तानी भइ सकेको छ भने आफ्नै खाता नभएका तथा लाभग्राहीरुहरु विदेश गएका ११२ अस्थायी आवासहरुको भुक्तानी यथाशिघ्र भुक्तानीका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । जसमा लाभग्राहिहरुको मृत्यु भएको वा रोजगारिको शिलशिलामा विदेश गएकाको हकमा श्रीमती, श्रीमती नभएमा बाबु आमा, बाबु आमा समेत नभएको हकमा छोराछोरीहरुका नाता प्रमाणित गरि वडा कार्यालयले सिफारिश गराइ दोस्रो किस्ताको बाँकी भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

भू-उपयोग ऐन, २०७६ तथा नियमावली २०७९ अनुसार बारेकोट गाउँपालिका क्षेत्र भित्रका जग्गाहरुको वर्गिकरण गर्न बारेकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु, २०८२ लाई यसै कार्यपालिकाबाट स्वीकृत गर्ने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

गाउँ कार्यपालिका

मिति:- २०८२/०८/१४

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

**निर्णय नं. १४**

प्राकृतिक तथा संस्कृतिक सम्पदाले भरिपूर्ण बारेकोट गाउँपालिकालाई आन्तरिक तथा बाह्य पर्यटकहरुको लागि रोजाइको पर्यटकीय गन्तव्य बनाउँन आवश्यक भएकोले चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बजेट शिर्षक पर्यटन तथा संस्कृति उप क्षेत्र पर्यटन खर्च शिर्षक २२५२९ बाट खर्च लेख्ने गरी रु. १००००००।- (अक्षरुपी दश लाख) नबढ्ने गरी सेवापरामर्श खरिद गर्ने।

**निर्णय नं. १५**

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विनियोजित विपद् व्यवस्थापन शिर्षकवाट तपसिलका काठेपुल निर्माणको लागि देहाय अनुसार रकम भूक्तानी गर्ने।

**तपसिल**

१. अधेरी खोला काठेपुल निर्माण वडा नं. ८ रु. २५०००।-

२. मैना खोला काठेपुल निर्माण वडा नं. ४ रु. २५०००।-

**निर्णय नं. १६**

यु.एन.डि.पी. नेपालको आर्थिक सहयोग, पहाडी क्षेत्र विकास कार्यक्रम (HRDC) जाजरकोट र बारेकोट गाउँपालिकाको समन्वयमा गत आर्थिक वर्ष २०८१/०८२ देखि यस गाउँपालिकामा सञ्चालित सामाजिक, आर्थिक जोखिम सूचना व्यवस्थापन प्रणाली (SEVIMS) को प्रारम्भिक डेटा संकलन कार्य सम्पन्न भई सकेको र यस आर्थिक वर्षमा उक्त प्रणालीलाई अध्यावधिक तथा QR सहितको लाभग्राहीको घर नंबर छपाइको लागि चालु आर्थिक वर्षको बाँडफाँड गर्न बाँकी रकमबाट रु. ५००००० अक्षरेपि पाँचलाख रुपैयाँ SEVIMS अध्यावधिक तथा QR सहितको घर नंबर छपाई शिर्षकमा बाँडफाँड गर्ने।

**निर्णय नं. १७**

आर्थि वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बजेट शिर्षक छात्रवृत्ति (चिकित्सा शास्त्र, न्याय, इन्जिनियरिङ्ग, अन्य स्नातक वा माथि) बाट खर्च लेख्ने गरीमाध्यमिक विद्यालय अधारा तुल्सिपुर दाङ्ग मा ३ वर्षे वन विज्ञान अध्ययन गरिरहेकी बारेकोट गाउँपालिका वडा नं. ३ निवासी कमल रोकाय को छोरी माया रोकायलाई छात्रवृत्ती स्वरुप एक पटकको लागि रु. ८००००।- (अक्षेरेपि असीहजार रुपैया मात्र) उपलब्ध गराउने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८२/०८/१४

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

**निर्णय नं. १८**

आर्थिक वर्ष २०८२/०८३ नेपाल सरकार सङ्घीय शसर्त अनुदान (शिक्षा) अन्तर्गत"विद्यालय शिक्षाको पहुँच बाहिर रहेका बालबालिकाहरुको पहुँच तथा सहभागितामा अभिवृद्धि" कार्यक्रम अनुसारविद्यालय बाहिर रहेका बालबालिकाहरुको डाटा संकलन तथा रिपोटिङ्ग कार्यको लागि सहजकर्ता आवश्यक हुने भएकोले तपसिल अनुसारका व्यक्तिहरुलाई शैक्षिक सहजकर्ताको रुपमा काममा लगाउने।

**तपसिल**

| क.सं. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १. | दील बहादुर नेपाली | शैक्षिक सहजकर्ता | बारेकोट-८ |
| २. | जस्वीर बुढा | शैक्षिक सहजकर्ता | बारेकोट-१ |
| ३. | रत्ना सिंह | शैक्षिक सहजकर्ता | बारेकोट-३ |
| ४. | हरिश नेपाली | शैक्षिक सहजकर्ता | बारेकोट-९ |
| ५. | ललिता वस्नेत | शैक्षिक सहजकर्ता | बारेकोट-५ |

**निर्णय नं. १९ (क)**

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम(युएनडीपी) को आर्थिक सहयोग र बारेकोट गाउँपालिकाको समन्वयमा सञ्चालित "जाजरकोट भुकम्पबाट प्रभावित क्षेत्रहरुमा जिविकोपार्जन सुधार र विपद् उत्थानशीलता सुदृढीकरण परियोजना" अन्तर्गत तपसिल बमोजिमका क्रियाकलपहरु कार्यान्वयन गर्न स्वीकृत गर्ने।

| क.स. | क्रियाकलापहरु | इकाई, | परिमाण | कार्यान्वयन स्थल |
|---|---|---|---|---|
| १ | प्रीफयाव भवन निर्माण | संरचना | २ | पुर्वधार शाखा, बारेकोट - २<br>शिक्षा शाखा, बारेकोट -२ |
| २ | निर्माण संरचनामा अत्यावश्यक फर्निचर सामग्रीहरु साथै अन्य सामग्रीहरु सहयोग | संरचना | २ | |

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

गाउँ कार्यपालिका
मिति:- २०८२/०८/१४

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

| | | | | |
|---|---|---|---|---|
| ३ | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्वन्धि पालिकाको निति तथा कार्यविधि संसोधन तथा परिमार्जनमा सहयोग (स्थानिय आपतकालिन कार्यसंचालन केन्द्र, संचालन कार्यविधि र विपद् जोखिम व्यवस्थापन कोष परिचालन कार्यविधि) | स्थानिय सरकार | १ | गाउँपालिका |
| ४ | खोज तथा उद्दार सामाग्री सहयोग | | | गाउँपालिका |
| ५ | गाउँपालिकाको क्षमता विकासको कार्यहरु जस्तै खोज तथा उद्दार अभिमुखिकरण, सिमेक्स, विधालय तथा | स्थानिय सरकार | | गाउँपालिका |
| ६ | सामुदायमा आधारित साना पुर्वधारहरुको निर्माण तथा मर्मतमा सहयोग गरि जिविकोपार्जनमा सुधार | संरचना | ५ | •बुढागाउँ सिंचाइ पोखरी निर्माण, बारेकोट -३<br>•सेरी सिंचाई पोखरी निर्माण, बारेकोट - २<br>•सिनाकोट सिंचाई कुलो मर्मत, बारेकोट - १<br>•लिम्सा देखि रोकाय गाउँ जाने सडक कुलो सुधार बारेकोट -२<br>•लिम्सा देखि घाट जाने सडक कुलो सुधार बारेकोट - २ |
| ७ | साझा सुविधा केन्द्र, निर्माणमा सहयोग | संरचना | १ | |
| ८ | भ्यालु चेन सुधार सवलीकरण र जिविकोपाजर्नन सुधारको लाग बजार केन्द्र, निर्माणमा सहयोग | संरचना | १ | बारेकोट -२, लिम्सा |
| ९ | मौरी घार र घार संगै आवश्यक सामग्रीहरु सहयोग जसमा कम्तिमा ३० प्रतिशत महिला नेतृ कृषक हुनुपर्ने र छनौट कृषकहरुलाई मौरीपालन सम्वन्धि तालिम प्रदान | घरधुरी | ८० | बारेकोट - ६ |

गाउँ कार्यपालिकाको निर्णय
प्रमाणित

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

| | | | | |
|---|---|---|---|---|
| १० | पालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई मानसिक स्वास्थ्य सम्वन्धि क्षमता विकास कार्यशाला | कार्यशाला | १ | बारेकोट -२, लिम्सा |
| ११ | मनोसामाजिक परामर्श सहयोग अन्तरगत सामुदायिक मनोसामाजिक परामर्शकर्ताहरुलाई सात दिने तालिम प्रदान | तालिम | १ | |
| १२ | भुकम्प तथा अन्य विपत् बाट प्रभावितहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान जसमा कम्तिमा ३० प्रतिशत महिला सहभागीता सुनिश्चित गर्नुपर्ने, जसमा विधालय र समुदायमा संचालन गरिने | क्रियाकलाप | ८० | सहभागी संख्या ८० |
| १३ | प्रेषण गरिएको मानसिक स्वास्थ्य सम्वन्धि पिडितहरुलाई व्यक्तिगत मनोसामाजिक परामर्श तथा सेवा प्रदान गर्न मनोसामाजिक परामर्श केन्द्र स्थापना गरि सेवा संचालनमा सहयोग | | १ | |

**निर्णय नं. १९ (ख)**

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को आर्थिक सहयोग र बारेकोट गाउँपालिकाको समन्वयमा सञ्चालित "जाजरकोट भुकम्पबाट प्रभावित क्षेत्रहरुमा जिविकोपार्जन सुधार र विपद् उत्थानशीलता सुदृढीकरण परियोजना" अन्तर्गत तपसिल बमोजिमका परियोजना तथा क्रियाकलपहरु सञ्चालन गर्न तोकिए अनुसार सहमती प्राप्त भएकोले कार्यान्वयनको लागि सम्वन्धित निकायलाई अनुमति दिने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका

मिति:- २०८२/०८/१४

## बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

**पसिल:**

| क्र.स. | परियोजनको क्रियाकलापहरु | संख्या | निर्माण स्थल | कैफियत |
|---|---|---|---|---|
| १ | साझा सुविधा केन्द्र र बजार केन्द्र (common facility center and Market Center) | २ | बारेकोट गाउँपालिका-२, लिम्सामा | सार्वजानिक जग्गा भएको हुँदा उक्त जग्गामा उल्लेखित भवनहरु निर्माण गर्न कुनै समस्या वा दावी विरोध नभएको. |
| २ | प्रीफ्यावको पुर्वधार शाखा र शिक्षा शाखको भवन | २ | बारेकोट गाउँपालिका– २, लिम्सामा | निर्माण स्थल पालिकाको नाममा रहेको जग्गा भएको हुनाले उक्त भवनहरु निर्माण गर्न कुनै समस्या वा दावी विरोध नभएको। |
| ३ | सेरी सिंचाई पोखरी , बुढाँगाउँ सिचाई पोखरी | २ | बारकोट गाउँपालिका वडा नँ २ र ३ | सिँचाई पोखरी निर्माण स्थलको जग्गा धनि संग मन्जुरीनामा लिई आवश्यक प्रक्रिया पुरा गरि निर्माणकार्य अगाडी बढाउने निर्णय भएको। |
| ४ | मौरी घार तथा आवश्यक सामग्री सहयोग | ८० | बारकोट गाउँपालिका वडा नँ ६ | मौरीको घार र घारसंगै अन्य आवश्यक सामग्रीहरु परियोजनाद्धारा तयार गरिएको कृषक घरधुरी छनौट मापदण्डको आधारमा रही छनौट गरि वडा न ६ मा प्रदान गर्ने निर्णय भएको । र वडा नं ६ मा परियोजनाद्धारा वितरण हुने आवश्यक कृषक संख्या अपुग भएको अवस्थामा पालिकाको मौरीपालनको लागि सम्भावीत अन्य वडाको कृषकहरुलाई वितरण गरिनेछ । |

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८२/०८/१४

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

| | | | | |
|---|---|---|---|---|
| ५ | लिम्सा देखि छेडा जाने सडक कुलो सुधार | १ | बारकोट गाउँपालिका वडा नँ २ र ३ | लिम्सादेखि छेडा सम्मसडकको कुलो सुधार योजना पहिलेको प्रस्तावित योजनामा राखिएको भएतापनि, योजनाकोसम्भाव्यता अध्ययन गर्दा योजना वृहत हुने देखिएकोले उक्त कार्य गर्न बजेट अभाव हुने देखिएकोले उक्त योजनाको सट्टामा पालिकाको सिफारिसमा लिम्सादेखि रोकाय गाउँ सम्म जाने सडक खण्डमा सढक कुलो सुधार कार्य गर्ने गरि सभ्भाव्यता अध्ययत गरि कार्यान्वयन गर्न अनुमति प्रदान गरिएको । |

**निर्णय नं. २०**

बारेकोट गाउँपालिका वडा नं. ५ र ६ स्थित करुका घर्तिगाउँ धुमा सडक निर्माणको लागि प्रदेश सशर्त अनुदान अन्तर्गत रु. १००००००।- विनियोजन भएकोमा सो रकमले उक्त सडक निर्माणको कार्य सम्पन्न हुन नसक्ने हुँदा गाउँपालिकाबाट आउँदो हिउँदे विधायन सभाबाट आवश्यक रकम विनियोजन गर्ने गरी रु. १००००००० ।- बराबरको ठेक्का आव्हान गर्ने र काम कार्वाही अगाडी बढाउने।

**निर्णय नं. २१ (क)**

ग्रामीण विकास सेवा केन्द्र, दैलेखको प.सं. २०८२/०८३ च.नं. ७० मिति २०८२।०८।१२ गतेको सम्झौताको म्याद थप सम्बन्धी प्राप्त भएकोले बारेकोट गाउँपालका र ग्रामीण विकास सेवा केन्द्र, दैलेख बीच मिति २०७६।०३।३० गते पहिलो पटक सम्झौता भएको, पुनः मिति २०७९।०४।०१ गते दोस्रो पटक म्याद थप गरिएकोमा उक्त संस्थाले यस गाउँपालिकामा झोलुङ्गेपुल निर्माण सम्वन्धी कार्य गर्दै आएको र हालअझै पनि गाउँपालिकामा झोलुङ्गेपुल निर्माण सम्वन्धी काम भइरहेको र उक्त संस्थासँग भएको सम्झौताको म्याद समाप्त भएकोले मिति २०८२।०८।१४ गते देखि तीन वर्षको लागि म्याद थप गर्ने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८२/०८/१४

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०६-२०८२/०८३)

**निर्णय नं. २१ (ख)**

एडि बिल्डर्स फर्म का प्रतिनिधि श्री लिलित सिंहले मिति २०८२।०७।१६ गते दह, जिरी, लिम्क चाखुरे सडक ठेक्का नं. BRM/NCB/WORKS/080/081-06 को वर्षाको कारणले निर्माण सामग्री समयमै निर्माण स्थलपुऱ्याउन नसकी निर्माण कार्य अधुरो रहेको कारण खुलाई म्याद थप गरिपाउँ भनि यस कार्यालयमा निवेदन प्राप्त भएकोलेबारेकोट गाउँपालिका र उक्त निर्माण कम्पनी बीच गरिएको सम्झौताको म्याद समाप्त भएको मिति देखि १ वर्षको लागि म्याद थप गर्ने।

**निर्णय नं. २२**

बारेकोट गाउँपालिका वडा नं. ३ मुलसाम देखि जुम्ला जोड्ने मुलसाम जुम्ला सडक निर्माण आयोजना वडा नं. ३ र बारेकोट गाउँपालिका वडा नं. ४ स्थित रकगार्डेन को आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सेवा परामर्श शिर्षकमा विनियोजित बजेट शिर्षकबाट आवश्यक प्रक्रिया अपनाई विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने।

प्रमुख प्रशासकीय अधिकृत